का.जि.प्र.का.द.नं. १००/०५९/६०

१६ मंसिर २०८०,
शनिबार
2 December 2023,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्नें

वर्ष २१, अंक २९७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# खाँणबारे बाँडिए न्यायाधीश

राजनीतिकरुपमा समेत छुटाउने प्रयास हुने र यसका लागि अदालतमाथि हस्क्षेपको प्रयास हुन सक्ने भनी राजनीतिक वृत्तमा टिकाटिप्पणी भएका बेला खाँणलाई धरौटीमा छाड्ने/नछाड्ने विषयमा न्यायाधीश नै बाँडिएका हुन् ।



**दिवकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १५ मंसिर ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा पूर्वमन्त्री बालकृष्ण खाँणलाई पुर्पक्षका लागि थुनामै राख्ने कि धरौटीमा छाड्ने भन्नेमा न्यायाधीशहरुको राय बाझिएको छ । उच्च अदालत, पाटनका न्यायाधीश जनक पाण्डे र प्रकाश खरेलको संयुक्त इजलासले आदेश सुनाएको छ । न्यायाधीश पाण्डेले थुनामा पठाउने जिल्लाको आदेश उल्टाउनुपर्ने र ३० लाख रुपैयाँ धरौटीमा छाड्नुपर्ने राय लेखेका थिए ।

तर, अर्का न्यायाधीश खरेलले अहिले निर्दोष हुन् भन्न नसकिने भएकाले धरौटीमा छाड्ने रायमा सहमति जनाएनन् । अब उनको विषय तेस्रो न्यायाधीशकोमा पेश हुनेछ । तेस्रो न्यायाधीश को हुने भन्ने निश्चित छैन । गोलाप्रथाबाट इजलास तोकिन्छ ।

राजनीतिक रुपमा समेत छुटाउने प्रयास हुने र यसका लागि अदालतमाथि हस्क्षेपको प्रयास हुन सक्ने भनी राजनीतिक बृतमा टिकाटिप्पणी भएका बेला खाँणलाई धरौटीमा छाड्ने/नछाड्ने विषयमा खाँणबारे न्यायाधीश नै बाँडिएका हुन् ।

अदालतको आदेश आउनु केही घण्टा अगाडि मात्रै नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीका खाँणले न्याय पाउने बताएका थिए ।

मंसिर १२ गते रुपन्देही कांग्रेसको प्रथम जिल्ला सम्मेलनलाई भैरहवामा सम्बोधन गर्दै सभापति देउवाले अदालतमा विचाराधीन मुद्दामा धेरै बोल्न उचित नहुने उल्लेख गर्दै खाँणले न्याय पाउनेमा आफू विश्वस्त रहेको बताएका हुन् । 'अदालतमा विचाराधीन रहेका कतिपय कुराहरूमा बोल्न मिल्दैन, तर खाँणले न्याय पाउनेछन्' सभापति देउवाले भनेका थिए ।

अर्थात, यो विषय राजनीतिक रुपमा समेत पेचिलो रहेको वा उच्च राजनीतिक तहमा उच्च चासोको रुपमा रहेको भन्ने विषय सभापति देउवाको पछिल्लो अभिव्यक्तिले समेत देखाएको थियो । यसबेला भएको आदेशमा खाँणबारे न्यायाधीश नै बाँडिएका हुन् ।

## टोपबहादुरसहित ९ जना थुनामै

यस प्रकरणमा पुर्पक्षका लागि थुनामा रहेका पूर्वउपप्रधानमन्त्री तथा एमाले नेता टोपबहादुर रायमाझी भने थुनामै रहने भएका छन् ।

उच्च अदालतले रायमाझी, इन्द्रजित राई, केशव दुलाल, आङटावा शेर्पासहित आठजनालाई पुर्पक्षका लागि थुनामै राख्न आदेश दिएको हो ।

टोपबहादुर रायमाझीका छोरा सन्दीप रायमाझीलाई भने ३० लाख धरौटीमा छाड्न आदेश दिएको छ ।

कसुर प्रमाणित नभएको भन्दै न्यायाधीशद्वय प्रकाश खरेल र जनक पाण्डेको इजलासले सन्दीपलाई धरौटीमा छाड्ने आदेश दिएको हो । 'मिसिल संलग्न जाहेरी दरखास्त तथा पीडितहरूको घटना विवरण कागजबाट यी प्रतिवादी सन्दीप रायमाझीले पीडितहरूसँग रकम लिएको देखिएन' आदेशमा भनिएको छ ।

टेकनाथ रिजाललाई पनि धरौटीमा छाड्न आदेश भएको छ । रिजाललाई १५ लाख रुपैयाँ धरौटीमा छाड्न आदेश भएको हो ।

काठमाडौं जिल्ला अदालतले गत १ असारमा गरेको थुनछेकको आदेशलाई बेरितको भन्दै उक्त आदेश बदर गरी सामान्य तारिखमा मुद्दामा पुर्पक्ष गरिपाऊँ भनेर



प्रतिवादीका तर्फबाट उच्च अदालतमा दिइएको थियो । उक्त निवेदनमाथि गत मंगलबारदेखि नियमित सुनुवाइ जारी थियो । शुक्रबार आदेश आएको हो ।

## सम्पत्ति शुद्धीकरण सक्रिय

नक्कली शरणार्थी प्रकरणका आरोपितहरुका सम्बन्धमा बहस भएदेखि नै सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग सक्रिय छ । धरौटी वा सामान्य तारिखमा छाड्न आदेश भएमा थप अनुसन्धानका लागि आफूलाई बुझाउन पत्र लेखिसकेको छ । विभागले कारागार, सुन्धारामा पत्राचार गरेर केही गरी छुट्ने भएमा पठाउन भनेको हो ।

जगन्नाथदेवल कारागारका प्रमुख ललित बस्नेतका अनुसार अन्य निकायहरुको पत्र आएको खण्डमा आरोपितहरु सोझै रिहा हुन सक्दैनन् । अरु निकायहरुले छुटिजाने व्यक्ति रिहा हुने भएमा पठाइदिनु भनेको भए पठाउनुपर्ने हुन्छ ।

नक्कली शरणार्थी प्रकरणमा मुछिएका आरोपितहरु विरुद्ध अहिले सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागमा पनि अनुसन्धान अगाडि बढेको छ । विभागले उनीहरुलाई थुनामै राखी अनुसन्धान गर्ने, धरौटी माग्ने वा बोलाएको बेला उपस्थित हुनेगरी छाड्न सक्छ । आरोपितहरुलाई पक्राउ गरी अदालतको अनुमतीमा म्याद थपेमा ९० दिनभित्र मुद्दा चलाउनुपर्ने हुन्छ ।

उच्च अदालत पाटनले नक्कली शरणार्थी प्रकरणमा मुछिएकाहरुमध्ये टंककुमार गुरुङ, आशिष बुढाथोकी, केशव तुलाधर र लक्ष्मी महर्जनलाई साधारण तारिखमा रिहा गर्न आदेश दिएको छ भने टेकनाथ रिजाल, सन्दिप रायमाझी, रामशरण केसी, शम्सेर मिया, नरेन्द्र केसी, हरिभक्त महर्जन धरौटीमा रिहा हुने आदेश गरेको छ ।

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं ।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं ।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं ।
- धुम्रपान र मद्यपान नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# जलनसम्बन्धी छुट्टै ऐन बनाइने

जलनसम्बन्धी छुट्टै ऐन बनाउने सरकारको प्रतिबद्धता छ भने साथ दिने वचन सांसदहरुले पनि दिएका छन् ।



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १५ मंसिर ।

जलनसम्बन्धी छुट्टै ऐन बनाइने भएको छ । एसिड सम्बन्धी ऐनले सबै जलनपीडितलाई सम्बोधन नगरेको निष्कर्षसहित छुट्टै ऐन बनाउने सरकारको प्रतिवद्धता छ भने साथ दिने बचन सांसदहरुले पनि दिएका छन् ।

शुक्रबार राजधानीमा जलनपीडितहरुको सहभागितामा भएको 'अग्निजन्य हिंसा अन्त्यका लागि बनेका कानुन र त्यसको कार्यान्वयनको अवस्था' सम्बन्धी छलफलमा भाग लिँदै सांसदहरुले बचन दिएका हुन् ।

'एसिड सम्बन्धी कानुन बनेको छ । तर, यसले अन्य जलन सम्बन्धी घटनालाई सम्बोधन नभएको विषय महसुस भएको छ' प्रतिनिधि सभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति भानु भक्त जोशीले भने, 'जलन सम्बन्धी एकीकृत कानुनको आवश्यकता महसुस भएको छ ।'

एसिड सम्बन्धी आक्रमणका घटना बढेको भन्दै न्युनीकरण गर्न २०७७ सालमा अध्यादेश जारी भएको थियो । उक्त अध्यादेश प्रतिथापन विधेयकको रुपमा संसदमा दर्ता भएर पनि कानुनमा रुपान्तरित भइसकेको छ ।

२०७९ साल असार ३१ गते राष्ट्रपतिबाट प्रमाणीकरण भएर लागू भएको 'तेजाब तथा घातक रासायनिक पदार्थ नियमन ऐन २०७९' ले अग्निजन्य सबै घटनाहरुलाई समेट्न नसकेको भनी सरोकारवालाहरुले सरकारको ध्यानाकर्षण गर्दै आएका छन् ।

आगलागी, सडक दुर्घटना, ग्यास लिग आदि कारणले हुने जलनका बिरामीहरुको उपचारका लागि यथोचित व्यवस्था नभएकाले कैयन जलन पीडितहरु थप पीडा भोग्न बाधय भएकाले पनि यस सम्बन्धी छुट्टै नीतिगत व्यवस्था पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## मलेसियामा विदेशी कामदारको व्यवस्थापन कुन मन्त्रालयले हेर्ने भन्ने विवाद

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ मंसिर

मलेसियामा विदेशी कामदारको व्यवस्थापन गृह कि मानव संशाधन मन्त्रालय अन्तर्गत राख्ने भन्ने बहस गहिरिएको छ । विदेशी कामदारको व्यवस्थापनसम्बन्धी सबै मामिलाहरू एउटै छानामुनि राख्दा प्रक्रियालाई सुव्यवस्थित गर्न सजिलो हुने र मानव संशाधन मन्त्रालय उक्त कामको लागि उपयुक्त छ भन्ने आवाज मलेसियाका प्रमुख रोजगारदाताहरूले उठाएका छन् ।

मलेसिया प्रमुख रोजगारदाता समूह मलेसिया रोजगारदाता महासंघ (एमईएफ)का अध्यक्ष दातुक डा. सैयद हुसेन सैयद हुसमानले विदेशी कामदारको व्यवस्थापन मानव संशाधन मन्त्रालय अन्तर्गतबाट गर्ने कदमले मन्त्रालयको दक्षता अभिवृद्धि भइ मलेसियामा विदेशी कामदारको व्यवस्थापनमा सुधार हुने बताएका छन् । विदेशी कामदारको व्यवस्थापनलगायतका सबै काम र मानव संशाधनसम्बन्धी अन्य समस्याको व्यवस्थापन गर्न मानव संशाधन मन्त्रालय नै सही मन्त्रालय भएको एमईएफको धारणा छ । पृष्ठ २ मा

## माल्टा र सर्बिया पठाइदिने भन्दै ठग्ने दुई पक्राउ

**काठमाडौं/मस-** प्रहरीले वैदेशिक रोजगारीका लागि माल्टा र सर्बिया पठाइदिन्छु भन्दै ठगी गर्ने दुई जनालाई पक्राउ गरेको छ । प्रहरीले बलबहादुर थापा मगरसहित ३ जनालाई वैदेशिक रोजगारीका लागि सर्बिया पठाइदिन्छु भन्दै १७ लाख १७ हजार रुपैयाँ ठगी गरेको उजुरीका आधारमा बाराको जितपुर सिमरा उपमहानगरपालिकाका दिपेश बास्कोटालाई पक्राउ गरेको हो ।

बास्कोटा मगरसहित ३ जनालाई प्रतिव्यक्ति ८ लाख रुपैयाँका दरले खर्च लाग्ने भन्दै विभिन्न मितिमा १७ लाख १७ हजार रुपैयाँ लिएर सम्पर्कविहीन भएको पृष्ठ २ मा

### जाजरकोट भूकम्प

## चिसोले ज्यान गुमाउँदै प्रभावित
# तथ्यांकमै अल्झियो सरकार

एकपछि अर्को भूकम्प प्रभावितले ज्यान गुमाइरहँदा सरकारको उपस्थिति देखिन्न । वृद्धवृद्धा, बालबालिका, गर्भवती र सुत्केरीहरु चिसोले अप्ठ्यारो स्थितिमा रहेको संसदीय अध्ययनले पनि देखाउँदछ ।



**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, १५ मंसिर ।

जाजरकोटका भूकम्प प्रभावितहरू चिसोको चपेटामा परेका छन् । गत कार्तिक १७ गते जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर गएको भूकम्पले जाजरकोट र रुकुम पश्चिमलाई ठुलो क्षति पुऱ्याएको थियो । लाखौं नागरिक घरबारविहीन भएर त्रिपालमा ओत लाग्ने अवस्थामा पुगेका छन भने हजारौं घरहरू ध्वस्त र चर्किएर बस्न नमिल्ने भएका छन् ।

१ सय ५४ जना भन्दा बढी नागरिकले भूकम्पमा परेर अकालमा ज्यान गुमाएका छन् । उक्त भुकम्पमा परी पृष्ठ २ मा

**Urgent Requirement**

A well reputed Manpower Company is looking for qualified and experienced individuals for the following departments.

| S.N. | Positions | Qty. |
|---|---|---|
| 1. | Receptionist<br>Qualification + 2 Pass, Minimum 1 yrs Experience | 2 No.<br>Female |
| 2. | PRO (Public Relation Officer)<br>Qualification + 2 Pass, Minimum 2 Years Experience in related field. | 3 No.<br>Male/Female |
| 3. | Documentation<br>Qualification + 2 Pass, Minimum 2 Years Experience in related field, Knowledge in Computer (Microsoft Office) & fluency in computer typing | 2 No.<br>Female |
| 4. | Computer Coordinator<br>Qualification Minimum Bachelor Pass, Excel, Word & Other computer related knowledge, Minimum 2-4 yrs experience in related field, fluency in computer typing & good command in English. | 2 No.<br>Female |

If you find yourself eligible for the required posts, please drop your application by hand or mail, WhatsApp, Viber with in 7 days to the below mention address.

Salary: Negotiable for deserving candidate.

SHIKHAR INT'L MANPOWER Services Pvt. Ltd.
Shikhar House, Near Radisson Hotel
Lazimpat - 2, Kathmandu, Nepal
Tel.: 4441707 (6 Line), www.shikharmanpower.com.np
Email:manpowershikhar@gmail.com
Mobile: 9801125850 (WhatsApp, Viber)

## जलनसम्बन्धी...

गर्नुपर्ने आवश्यकता महसुस भएको बताउँछन् महिला तथा सामाजिक मामिला समितिका सभापति किरण कुमार साह ।

'बनेका कानुन प्रयाप्त छैनन् । यस सम्बन्धमा अध्ययन गरी संसदीय समितिले सरकारलाई एकीकृत कानुन बनाउन सुझाव दिन सक्छ । यसका लागि पहल गर्ने प्रतिवद्धता व्यक्त गर्दछु' छलफलमा भाग लिँदै सभापति साहले भने ।

प्रतिनिधि सभा सदस्य उर्मिला माझी एसिड आक्रमण गर्ने जस्ता विषय सामाजिक संस्कार र प्रवृतिसँग पनि जोडिएको बताउँछिन्। पाठ्यक्रममै समावेश गरेर घर, परिवार र समाज सुधार गर्ने गरी अगाडि बढ्न आवश्यक रहेको उनको भनाइ छ ।

पाठ्यक्रममा के कस्ता विषय राख्दा समाजमा एसिड आक्रमण जस्ता घटनाहरु हुँदैनन् त्यसतर्फ ध्यान दिनुपर्नेमा उनको जोड छ। साथै उनले थपिन, 'जलन सम्बन्धी छुट्टै एकीकृत कानुन बनाउन सक्दा त्यसको प्रभाव समाजमा सकारात्मक रुपमा नै पर्ने हुन्छ ।' शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका राज्यमन्त्री प्रमिला यादवले संसदमा विधेयक अधिवेशन सुरु हुने समय भएकाले कानुन निमार्णका विविध पक्षमा छलफल हुनु आवश्यक रहेको बताइन् ।

एसिड सम्बन्धी ऐन तत्कालीक अवस्थामा सिर्जित समस्यालाई ध्यानमा राखेर आएकाले सबै पक्ष नसमेटिएको हुन सक्ने उल्लेख गर्दै उनले सोही ऐन संशोधन गर्ने वा छुट्टै एकीकृत कानुन बनाउने विकल्पमा जान सकिने बताइन् । यसका लागि सबैले आ( आफ्नो ठाउँबाट पहल गर्नुपर्नेमा उनको जोड छ ।

जलन सम्बन्धी सर्वोच्च अदालतका फैसला र अन्तराष्ट्रिय अभ्यासको अध्ययनमा संलग्न अधिवक्ता शशि बस्नेतले नेपालले मुलुकी ऐन देखि नै जलन सम्बन्धी विषयलाई कानुनी रुपमा कुनै न कुनै रुपमा सम्बोधन गरेको बताउँछिन्। तर, जलनमा संलग्न पीडकलाई मृत्यु भएको खण्डमा कर्तव्य ज्यान र घाइते भएको खण्डमा कर्तव्य ज्यानको उद्योग अन्तर्गत मुद्दा चल्ने र त्यस अनुसार सजाय हुने गरेको र यो उचित नभएको उनको तर्क छ ।

जलन सम्बन्धी पीडितले बाचुन्जेल उपचार गर्नुपर्ने भएकाले प्रचलित कानुन अनुसार पीडितले पाउने क्षेतिपुर्ति पनि साह्रै कम हुने र पीडितले न्यायको अनुभूति गर्न सक्ने अवस्था नरहेको उनको भनाइ छ ।

## मलेसियामा...

मलेसियामा विदेशी कामदार एकीकृत व्यवस्थापन प्रणाली (ईपीपीएएक्स) र विदेशी श्रमिक केन्द्रिकृत व्यवस्थापन प्रणाली (एफडब्लुसीएमएस) मार्फत कामदारको व्यवस्थापन हुँदै आएको छ। तर मलेसियाको महालेखा परीक्षकको गत वर्षको प्रतिवेदनमा गृह मन्त्रालय मातहत रहेका ती संयन्त्र परिचालन गर्दा धेरै असक्षमताहरू देखिएको टिप्पणी आएपछि विदेशी कामदारको व्यवस्थापन मानव संशाधन मन्त्रालय मातहत ल्याउनुपर्ने आवाज बलियो बनेको त्यहाँको अनलाइन दि स्टारले उल्लेख गरेको छ ।

विदेशी कामदार व्यवस्थापन गर्ने विदेशी श्रमिक केन्द्रिकृत व्यवस्थापन प्रणाली हाल एक निजी संस्थाद्वारा सञ्चालन गरिएको छ । तर गृह मन्त्रालयले त्यसलाई राम्रोसँग ह्यान्डल नगरेको सैयद हुसेनले टिप्पणी गरेका छन् । विदेशी कामदार भर्ना प्रक्रियाका केही प्रणालीहरू गृह मन्त्रालयको क्षेत्राधिकारमा पर्छन् भने केही मानव संशाधन अन्तर्गत छन् । एमईएफले दुवै प्रणालीको व्यवस्थापनका लागि एउटै मन्त्रालय निर्धारण गर्नु सरकारको लागि महत्वपूर्ण हुने बताएको छ ।

सैयद हुसेनले भनेका छन्, 'विदेशी कामदारहरूको व्यवस्थापनको दक्षता अभिवृद्धि गर्ने उद्देश्यले ठूलो लगानीमा स्थापना गरिएको प्रणाली पूर्णरूपमा प्रयोग हुन नसकेको र उक्त प्रणालीले स्रोत मुलुकमध्ये बंगलादेशले मात्रै विदेशी कामदार केन्द्रिकृत व्यवस्थापन प्रणालीका मोड्युलहरू प्रयोग गरेकोले अन्य १४ स्रोत मुलुक प्रणाली प्रयोगमा तयार छैनन् भन्ने देखिन्छ । विदेशी कामदारको भर्तीलाई सहज बनाउन नसक्ने प्रणालीहरू विकास गर्नुको कुनै अर्थ छैन ।'

## माल्टा...

प्रहरीले बताएको छ । बास्कोटाले पीडितहरूलाई मासिक एक लाख रुपैयाँ तलब हुने भन्दै प्रलोभनमा पारेर रकम ठगेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ ।

यस्तै आकर्षक तलब सुविधासहितको वैदेशिक रोजगारीका लागि युरोपेली मुलुक माल्टा पठाइदिन्छु भन्दै दुई जनाबाट ६ लाख आठ हजार रुपैयाँ ठगेको उजुरीको आधारमा प्रहरीले धादिङ त्रिपुरासुन्दरीकी लक्ष्मी श्रेष्ठलाई पनि पक्राउ गरेको छ ।

## जाजरकोट...

हजारौं मानिस घाइते भए। तर, पछिल्ला दिनहरूमा भूकम्पबाट बाँचेकाहरु चिसोले मर्न सरु भएको छ। बिहीबार मात्रै जाजरकोटको कुशे गाउँपालिका-१ स्याँक्रीकी सुनिल वादीकी तीन वर्षीय छोरी रक्षा वादीको चिसोले कठ्याङ्ग्रिएर मृत्यु भयो ।

चिसोका कारण उनलाई निमोनिया भएको थियो । निमोनियाले सिकिस्त बनेपछि उपचारका लागि छेडागाड नगरपालिकास्थित मटेलामा रहेको मेडिकलमा लैजाने क्रममा रक्षाको मृत्यु भएको हो । गएको कात्तिक १७ गतेको भुईंचालोबाट घर चर्किएपछि सुनिलको परिवार त्रिपालमुनि बसिरहेको छ । यस्तै, मङ्गलवार जाजरकोटको बारेकोट गाउँपालिका-७ नुवाकोटका ६५ वर्षीय हरियो दमाईको मृत्यु भयो ।

भूकम्पले घरमा क्षति पुऱ्याएपछि उनी त्रिपालमा बस्दै आएका थिए । एक सातादेखि ज्वरो आउने र श्वासप्रश्वाससम्बन्धी समस्या देखिएको थियो ।उपचारका लागि स्वास्थ्य संस्था लैजाने तयारी गर्दै गर्दा मङ्गलवार उनको मृत्यु भएको हो । मङ्गलवार नै भूकम्पले घरमा क्षति पुऱ्याएपछि त्रिपालमुनि बस्दै आएकी नलगाड नगरपालिका-८ तल्लोसिमाकी २५ वर्षीय शर्मिला चदाराको पनि मृत्यु भएको थियो ।

उनी सुत्केरी भएको करिब महिना हुन लागेको थियो । त्रिपालमुनि बस्दै आएकी चदाराको चिसोका कारण मृत्यु भएको थियो । यसरी भूकम्प प्रभावितहरूको चिसोले दिनप्रतिदिन मृतकको संख्या बढ्दै गएको छ । अस्थायी टहरोहरूमा बसिरहेका भूकम्पपीडितहरू धमाधम बिरामी समेत पर्न थालेका छन् । चिसोका कारण बालबालिकालाई निमोनिया र सुत्केरीलाई ज्वरो, रुघाखोकी तथा वृद्धवृद्धालाई दमजस्ता रोग बढी देखिन् थालेको छ ।

जिल्ला अस्पताल जाजरकोटका अनुसार पहिलेभन्दा हिजोआज बिरामीहरू अस्पताल आउनेको सङ्ख्या बढी देखिएको छ। धेरैजसो त्रिपालमुनि बास बस्ने गरेकाहरू अस्पताल आउने गरेका छन् । तर, सरकारले भने यति बेला यो विषयमा चासो दिएको देखिँदैन । अस्थायी आवास निर्माणका लागि सरकारले दिने भनेको रकमसमेत पीडितहरूले पाउन सकेका छैनन् ।

कार्यविधि बनिसकेपनि रकम निकासा भइसकेको छैन । कार्तिक २६ गते नै आवास निर्माणको कार्यविधि पास गरेको सरकारले भूकम्पपीडितलाई दिनुपर्ने ५० हजार रकम वितरण गर्न सकिरहेको छैन। दुई किस्तामा वितरण हुने भनिएको उक्त रकमको पहिलो किस्ता पनि सबैले प्राप्त गर्न सकिरहेका छैनन्। जसका कारण भूकम्पपीडितहरू त्रिपालको भरमा गुजारा गरिरहेका छन् । जाजरकोट र रूकुमपश्चिमका भूकम्पपीडितहरूलाई यति बेला चिसोले सताएको छ ।

रुकुम पश्चिममा भने भूकम्पले घर भत्किएका परिवारलाई अस्थायी आवासका लागि पहिलो किस्ताबापत धमाधम रकम निकासा भइरहेको छ । तर, जाजरकोटका भने अस्थायी आवास निर्माणका लागि तथ्याङ्क सङ्कलन भइरहेको छ ।

भूकम्पले घर भत्किएका परिवारलाई अस्थायी आवासका लागि रुकुम पश्चिममा पहिलो किस्ताबापत धमाधम रकम निकासा भइसक्दा पनि जाजरकोटमा भने भर्खरै अस्थायी आवास निर्माण गर्न यहाँ पहिलो किस्ताबापतको रकम स्थानीय तहमा पठाउन सुरुआत गरिएको छ । जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कोषले बिहीबार शिवालय गाउँपालिकामा पहिलो किस्ता पठाएको हो ।

रुकुम पश्चिममा मङ्गलबारदेखि नै यो प्रक्रिया सुरु भएर स्थानीय तहले लाभग्राहीलाई रकम वितरणसमेत सुरु गरिसकेका छन् । शिवालयमा तीन हजार तीन सय नौ लाभग्राहीलाई पहिलो किस्ता पठाइएको जिल्ला प्रशासन कार्यालय जाजरकोटका लेखापाल एकराज उपाध्यायले जानकारी दिए ।

उनका अनुसार प्रतिलाभग्राही २५ हजारका दरले रु आठ करोड २७ लाख २५ हजार पठाइएको छ । पालिकाले भने लाभग्राहीको विवरण पुनः पहिचान गरी रकम वितरण गर्ने जनाएको छ। शुक्रबारदेखि नै यो प्रक्रिया थालिने पालिका अध्यक्ष शेरबहादुर शाहीले बताए । लेखापाल उपाध्यायले अन्य गाउँपालिकाबाट भने लाभग्राही विवरण प्राप्त हुन नसकेको बताए । विवरण प्राप्त भएलगत्तै स्थानीय तहमा रकम पठाइने बताए । जिल्लामा शिवालय बाहेक अन्य स्थानीय तहमा अहिलेसम्म पनि तथ्यांक संकलन सकिएको छैन ।

### अवस्था थप जटिल बन्न सक्छ : संसदीय समिति

प्रभावित क्षेत्रमा जाडोले थप मृत्यु हुन सक्ने र यसले अवस्था जटिल बनाउने भन्दै राष्ट्रिय सभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिले सरकारको ध्यानाकर्षण गरेको छ ।

उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ, गृह मन्त्रालयका सचिव दिनेश भट्टराई लगायतलाई बोलाएर यसबारे ख्याल गर्न समितिले सुझाएको हो ।

'हालसम्म चिसोले धेरैको मृत्यु चिसोका कारणले भएको भन्ने आएको छ । यसमा भूकम्पका कारण भएको क्षतिको सम्बन्ध छ' समिति सभापति दिलकुमारी रावल थापा (पार्वती)ले भनिन् ।

समयमै अस्थायी आवास समेत बन्न नसक्दा बृद्धबृद्धा, बालबालिका, गर्भवती र सुत्केरी महिलाहरु कठिन अवस्थामा रहेको भन्दै उनले चिसोका कारण थप समस्या आउन सक्ने भनी सरकारको ध्यानाकर्षण गराएकी हुन् । थापाको नेतृत्वमा संसदीय प्रतिनिधिमण्डलले भूकम्प प्रभवित जाजरकोट र रुकुमपश्चिम क्षेत्रको स्थलगत अवलोकन अध्ययन गरेको थियो । अध्ययनपछि समितिले तयार पारेको मस्यौदा प्रतिवेदनमा पनि चिसोका कारण थप समस्या आउन सक्ने औंल्याइएको छ ।

'जाडोले थप बिमारी हुने अवस्था आउन सक्ने' मस्यौदा प्रतिवेदनमा भनिएको छ । समस्या समाधानका लागि अस्थायी आवास निर्माणलाई तीव्रता दिनुपर्ने र त्यसका लागि नेपाली सेना सहितको सुरक्षाकमी खटाउनुपर्ने सुझाव दिइएको छ । संसदीय अध्ययन प्रतिनिधिमण्डलले भूकम्प प्रभवित क्षेत्रमा बिमार हुनसक्ने अवस्थालाई ख्याल गर्दै स्वास्थ्य सामग्री र स्वास्थ्यकमीहरु थप गर्नुपर्ने निष्कर्ष पनि निकालेको छ ।


## UAE मा रोजगार

कम्पनी : COSMO CENTER TRADING LLC
शहर : UAE

पूर्व स्वीकृत मितिः २०८०/०६/१२ चलानी नं.: ६०१९७८७८ L.T. No.: 293154

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | sales officer/stall and market sales person | 80 | 50 | स. काममा दक्ष | 1200 | ४३,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर २३ गते (9 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

BROTHER RECRUITMENT
श्रम इजाजत पत्र नं.: १६३९/०८०/०८१
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११

## कतारमा रोजगारको अवसर

कम्पनी: Clean Works Hospitality and Trading
कम्पनी: Qatar

पूर्व स्वीकृत मितिः २०८०/०८/१५ चलानी नं.: ६०२१०८५३ L.T. No.: 295804

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GENERAL CLEAN WORKER | 0 | 3 | स. काममा दक्ष | 1000 | ३६,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर २३ गते (9 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

TARGET CONSULTANTS HUMAN RESOURCES (P.) LTD.
टार्गेट कन्सलटेन्ट ह्युमन रिसोर्स प्रा. लि.
श्रम इजाजत पत्र नं. ८३३/०६६/०६७
सिनामंगल, शम्भु मार्ग काठमाडौं, फोन: ०१-४४७८७३७, ४४६४०८२
Email: info@targetnepal.com Web: www.targetnepal.com



# छार्का ताङसोङ गाउँपालिका

ཚ་དཔལ་སྟེང་ཤོང་གྲོང་སྡེ་ལྷན་ཁང་།

Chharka Tangsong Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

कागकोट, डोल्पा
कर्णाली प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मितिः २०८०/०८/१६**

छार्का ताङसोङ गाउँपालिका, कागकोट, डोल्पाबाट मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाको मिति २०८०/०६/१० को संस्करणमा प्रकाशित e–bidding सूचनामा निम्न निर्माण कार्यहरुको बोलपत्र आव्हान भए अनुसार विद्युतिय बोलपत्र प्रणाली मार्फत दाखिला भएका बोलपत्रहरु मध्ये मिति २०८०/०७/१० गतेका दिन खोलिएका तपसिलमा उल्लेखित वोलपत्रहरु न्यूनतम मूल्याङ्कित भई सारभुत रुपमा प्रभावग्राही देखिएकोले स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | कामको विवरण र ठेक्का नं. | छनोट भएको बोलपत्र दाताको नाम र ठेगाना | कुल कबोल रकम VAT सहित कन्टिजेन्सी बाहेक |
|---|---|---|---|
| १. | १ नं. वडा कार्यालय भवन निर्माण योजना, ठेक्का नं. CTRM/DOLPA/WORKS/NCB/06-080/081 | श्री त्रिपुरासुन्दरी ईञ्जिनियरिङ्ग मल्टिप्रपर्पोज कन्स्ट्रक्सन प्रा. लि., त्रिपुरासुन्दरी नगरपालिका-१०, डोल्पा । | ३७,४४,८७९.७८ |
| २. | आधारभूत स्वास्थ्य ईकाइ भवन निर्माण योजना, ठेक्का नं CTRM/DOLPA/WORKS/NCB/07-080/081 | श्री त्रिपुरासुन्दरी ईञ्जिनियरिङ्ग मल्टिप्रर्पोज कन्स्ट्रक्सन प्रा. लि., त्रिपुरासुन्दरी नगरपालिका-१०, डोल्पा । | २८,४७,८८१.९५ |

प्रमुख प्रशासकीय अधिकृत



## बहराइनमा रोजगार

कम्पनी : HAIDER WOODEN WORK FACTORY W.L.L
शहर: BAHRAIN

पूर्व स्वीकृत मितिः २०८०/०८/१५ चलानी नं.: ६०२१०८४९ L.T. No.: 295843

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Finishing Carpenter | 2 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५२,९७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Worker | 20 | 0 | | 100 | ३५,३१५ | | | | | | | |

२. कम्पनी : DAY TO DAY DISCOUNT CENTER
शहर: BAHRAIN

पूर्व स्वीकृत मितिः २०८०/०८/१५ चलानी नं.: ६०२१०८५० L.T. No.: 295855

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 2 | 3 | सम्बन्धित काममा दक्ष | 150 | ५२,९७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Salesman | 5 | 0 | | 150 | ५२,९७२ | | | | | | | |
| 3. | Worker | 40 | 0 | | 100 | ३५,३१५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर २३ गते (9 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Easy Overseas
EASY OVERSEAS PVT. LTD.
Gov Lic No. : 1261/074/75
Basundhara, Kathmandu, Tel.:01-4016539
9851176605, 9849124498, 9849991143

## UAE मा रोजगार

कम्पनी: SANED FACILITY MANAGEMENT L.L.C.
शहर: UAE

पूर्व स्वीकृत मितिः २०८०/०६/२६ चलानी नं.: ६०२०९११३ L.T. No.: 293887 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Baggage Handler/porter | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३९,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner | 200 | 200 | | 800 | २९,००० | | | | | | | |
| 3. | Security Guard | 96 | 25 | | 1600 | ५८,००० | | | | | | | |
| 4. | Teaching Assistant | 0 | 10 | | 1300 | ४७,१२५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर २३ गते (9 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

अल जराफा ह्यूमन रिसोर्स कन्सल्टेन्ट प्रा. लि.
श्रम इजाजत नं.: १५८/०६७/०६८
सिनामंगल, (NIC Asia Bank संगै), काठमाडौं, फोन: ०१-४५९८१६२, ४५९३८७८
मोवाइल नं.: ९८०२३५५३९५, ९८०२३५५३९६, ९८०२३५५३९७

## MALAYSIA मा रोजगार

कम्पनी: INDAH UTARA INDUSTRI SDN BHD
शहर: Malaysia, Kedah

पूर्व स्वीकृत मितिः २०८०/०८/१५ चलानी नं.: ६०२१०८४४ LT. No.: 295834

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर २३ गते (9 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SHARON MANPOWER SERVICES PVT. LTD.
Govt Lic. NO. 647/063/064
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com

## मलेसियामा रोजगार

कम्पनी: TAFADHDAL SECURITY SDN BHD
शहर: Malaysia, Kuala Lampur

पूर्व स्वीकृत मिति: २०८०/०५/१० चलानी नं.: ६०२०६८९७ LT. No.: 291756 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 7 | 0 | स. काममा दक्ष | 1500 | ४२,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर २३ गते (9 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Frontline Recruitment
Frontline Recruitment Pvt. Ltd.
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८
Kalimatidol, Kathmandu, Nepal, P.o.box:13708, Tel No:01-4493645,4493646
Fax:+977-01-4493647 Email:info@manpoweragencynepal.com

## Kuwait मा रोजगार

1. Fast Delivery Of Consumer Orders Company W.L.L.

पुर्व स्वीकृती मितिः २०८०/०८/१४ चलानी नं. ६०२१०८१७ LT. NO. 295759

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Service Labor | 07 | 00 | काममा दक्ष | 100 | ४३,२३८।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

2. Express Service Co For Consumer Goods Delivery S.P.C.

पुर्व स्वीकृती मितिः २०८०/०८/१४ चलानी नं. ६०२१०८०३ LT. NO. 295758

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Service Labor | 04 | 00 | काममा दक्ष | 100 | ४३,२३८।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

3. Phantom Company For Transportation Of Cold & Freez Goods

पुर्व स्वीकृती मितिः २०८०/०८/१४ चलानी नं. ६०२१०८०२ LT. NO. 295757

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Light Driver | 30 | 00 | काममा दक्ष | 150 | ६४,८५८।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | रु. १०,००० |

अन्तरवार्ता २०८० मंसिर २३ गते (9 Dec., 2023) यस प्रा. लि. को कार्यालय सामाखुसीमा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराईको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

Euro Asia H.R. Solutions Pvt. Ltd.
Govt. Lic: 1162/073/74
Samakhushi, Kathmandu, Nepal Tel : 01-4980875, 4965521,
Mob: 9851048235, 9851042984, 9860111396
Email: myeuroasiahr@gmail.com | Web: www.euroasiagroups.com

# प्रधानमन्त्री कार्यालयमा 'अपाङ्गता अधिकार प्रवर्द्धन समिति' गठन गर्न माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ मंसिर

राष्ट्रिय अपाङ्ग महासंघ नेपालले सरकारले अपाङ्गता भएका व्यक्तिहरुको अधिकारका लागि बनेका ऐन, कानून, नीति, नियमहरुलाई कार्यान्वयन गर्न संघीयस्तर प्रधानमन्त्री कार्यालयमा 'अपाङ्गता अधिकार प्रवर्द्धन समिति' गठन गरी सोको संरचना संघ प्रदेश र स्थानीय तहसम्म पुर्‍याउन माग गरेको छ।

अपाङ्गता भएका व्यक्तिहरुको ३२ औँ अन्तर्राष्ट्रिय दिवसको अवसरमा शुक्रबार महासंघको केन्द्रीय कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा उक्त माग गरिएको हो।

महासंघले नेपालका सबै समावेशी विकासका गतिविधिहरूमा अपाङ्गता भएका व्यक्तिका आवश्यकता र सवालहरूलाई समावेश गरिनुपर्ने पनि माग गरेको छ। पत्रकार सम्मेलनमा महासंघका महासचिव सुगम भट्टराईले हालसम्म नेपालमा भौतिक विकास, मानवअधिकार, सुशासन, शिक्षा, स्वास्थ्यको क्षेत्रमा काम गरिरहेका अन्तर्राष्ट्रिय विकास साझेदारहरुले आफ्ना नीति, कार्यक्रम र बजेटमा अपाङ्गताको सवाललाई मानव अधिकार र विकासको दृष्टिकोणबाट समेट्न नसकेकोप्रति सरकारको ध्यानाकर्षण गराए।

उनले भने, 'हालसम्म नेपालमा भौतिक विकास, मानवअधिकार, सुशासन, आर्थिक सशक्तिकरण, शिक्षा, स्वास्थ्यको क्षेत्रमा काम गरिरहेका अन्तर्राष्ट्रिय विकास साझेदारले आफ्ना नीति, कार्यक्रम र बजेटमा अपाङ्ताको सवालहरूलाई मानवअधिकार र विकासको दृष्टिकोणबाट समेट्न सकेको छैन। तसर्थ, अन्तर्राष्ट्रिय प्रतिवद्धता तथा मानव अधिकारका दस्तावेजलाई अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुसार पूर्ण रुपमा आत्मसाथ गरी आफ्ना नीति र कार्यक्रमहरूमा अपाङ्ताको सवाल समावेश गरिनुपर्छ।'

महासचिव भट्टराईले हाल सञ्चालनमा रहेका अपाङ्गता पुनर्स्थापना केन्द्रहरूले सबै प्रकृतिका अपाङ्गताका लागि सेवा प्रवाह गर्न नसकेको र कार्य क्षेत्र पनि सिमित भएको हुनाले अबका दिनमा पुनर्स्थापना सेवा सरकारको स्वास्थ्य प्रणाली अन्तर्गत एकीकृत गरेर देशभरी पुर्‍याउनको लागि नेपाल सरकार, विश्व स्वास्थ्य संगठन लगायत यस क्षेत्रमा काम गर्ने सबै निकायहरू, एक पक्षीय, द्विपक्षीय र बहुपक्षिय विकास साझेदार र दाताहरु, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुले 'अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धि २००६' को धारा २५ (स्वास्थ्य) र २६ (वासस्थान र पुनर्स्थापना) का प्रावधानहरूलाई मुख्य प्राथमिकतामा राखेर काम गर्नुपर्ने बताए।




कार्यक्रममा महासंघका अध्यक्ष देवीदत्त आचार्यले संघीयता आएपछि अपाङ्गता भएका व्यक्तिहरुले आफ्ना हक, अधिकार गुमाउँदै गएको बताए। उनले सरकारले अपाङ्गता नियमावली खुम्चाउँदै गएको भन्दै संघीय सरकार अपाङ्गता भएका व्यक्तिप्रति उदासीन बन्दै गएको बताए। संविधानले अपाङ्गता भएका व्यक्तिका अधिकारलाई स्पष्ट उल्लेख गरेपनि तीन तहका सरकारले काम गर्न नसकेको उनको भनाइ छ।

अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको सञ्जालकी कार्यक्रम संयोजक रेष्मा श्रेष्ठले अपाङ्गमैत्री सार्वजनिक शौचालय बनाउन आवश्यक रहेको बताइन्। उनले दिगो विकास लक्ष्यमा अपाङ्गता भएका व्यक्तिहरुको आवाज पुर्‍याउन सबैले पहलकदमी लिनुपर्नेमा जोड दिइन्।

महासंघले अपाङ्गता भएका व्यक्तिहरुको संगठनको क्षमता विकास र विकास प्रकृयामा उनीहरूको सहभागिता, नेतृत्व विकास र आवाजलाई बलियो बनाउन अन्तर्राष्ट्रिय विकास निकायहरूले राष्ट्रिय नीति र मागलाई ध्यानमा राखेर काम गर्नुपर्ने, संविधानले आरक्षण गरेका समावेशीकरण गर्नुपर्ने समुदायका अपाङ्गता भएका नागरिकहरुको लागि विशेष सशक्तिकरणको व्यवस्था गर्नुपर्ने, अपाङ्गता भएका महिलाहरुविरुद्ध हुने सबै प्रकारका विभेद, हिंसा, यौनजन्य हिंसा र बलात्कार जस्ता जघन्य अपराधका सवालमा शुन्य सहनशिलताको सिद्धान्तलाई अवलम्वन गर्दै यस विषयमा विशेष किसिमका व्यवस्थाहरु गर्नुपर्ने माग राखेको छ।

अपाङ्गता भएका व्यक्तिहरुको ३२ औं अन्तर्राष्ट्रिय दिवस ३ डिसेम्बर २०२३ का दिन विश्वभर विविध कार्यक्रम गरी मनाइँदैछ।

'दिगो विकास लक्ष्य प्राप्तिको प्रतिवद्धता, अपाङ्गता भएका व्यक्तिको अपनत्व र नेतृत्व सहितको ऐक्यबद्धता' भन्ने राष्ट्रिय मूल नाराका साथ नेपालमा पनि विविध कार्यक्रम आयोजना गरिँदैछ।

काठमाडौंमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री सुरेन्द्रराज आचार्यको अध्यक्षतामा गठित मूल आयोजक समितिले तय गरेको कार्यक्रम अनुसार महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको अगुवाइ र राष्ट्रिय अपाङ्ग महासंघ नेपालको समन्वयमा यहि मंसिर १७ गते विशेष कार्यक्रम राखिएको छ। यस्तै महासंघको आयोजनामा अन्तर्क्रिया, खेलकुद, वक्तृत्वकला र अभिमुखीकरण कार्यक्रम राखिएको छ।

विश्व स्वास्थ्य संगठन र विश्व बैंकले सन् २०११ मा प्रकाशित पछिल्लो अपाङ्गता सम्बन्धी विश्व प्रतिवेदन अनुसार संसारको कुल जनसंख्याको १५ प्रतिशत मानिसहरू कुनै न कुनै रूपमा अपाङ्गताको अवस्थामा बाँचिरहेका छन् र यो हरेक वर्ष बढ्ने क्रममा रहेको छ। संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम(यूएनडिपी) का अनुसार अपाङ्गता भएका व्यक्तिहरूको कुल जनसंख्याको ८० प्रतिशत विकासोन्मुख देशहरूमा रहेका छन्।

विश्व बैंकका अनुसार विश्वका अति गरिब मानिसहरूमा २० प्रतिशत अपाङ्गता भएका व्यक्तिहरू पर्दछन्। अपाङ्गता भएका महिलाहरू लैंगिक र अपाङ्गताको आधारमा गरिने दोहोरो विभेदको मारमा परेका छन्। युनिसेफका अनुसार सडक युवाहरूमा ३० प्रतिशत अपाङ्गता भएका व्यक्तिहरू छन् भने अपाङ्गता भएका बालबालिकाहरूको मृत्युदर अन्य बालबालिकाहरूको तुलनामा निकै उच्च रहेको छ। यूनेस्कोले उजागर गरेको तथ्य अनुसार विकासोन्मुख देशमा ९० प्रतिशत अपाङ्गता भएका बालबालिकाहरू विद्यालय जानबाट बञ्चित रहेका छन्।

नेपालको सन्दर्भमा विश्व बैंक र विश्व स्वास्थ्य संगठनका अनुसार अपाङ्गता भएका व्यक्तिहरूको संख्या ३० लाखको हाराहारीमा रहेको छ। तर नेपालमा अपाङ्गतामा मात्र केन्द्रित भएर कुनै विस्तृत घरधुरी सर्वेक्षण गरिएको छैन। नेपालको २०७८ मा भएको जनगणनाका अनुसार कुल जनसंख्याको २.२ प्रतिशत मानिसहरूमा मात्र अपाङ्गता रहेको देखिन्छ।

# 'राजतन्त्रलाई चिहानबाट फर्काउन भूतप्रेतवादी तत्वहरु सलबलाएका छन्'

**दिपकराज भट्ट/मध्यान्ह**
डडेल्धुरा, १५ मंसिर



नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रतिगामी तत्वहरू १५ वर्षअघि मरेको राजतन्त्रको चिहान खनेर फेरि ल्याउने प्रयासमा लागिरहेको बताएका छन्। राष्ट्रिय एकता र समृद्धिका लागि 'झुलाघाटबाट चिवा भञ्ज्याङसम्मको संकल्प यात्रा'को क्रममा डडेल्धुरा पुगेका ओलीले बसपार्कमा आयोजित सन्देश सभामा यस्तो बताएका हुन्।

उनले प्रतिगामी तत्वहरु आतंककारी गतिविधिमा लागेको टिप्पणी गरे। '१५ वर्षअघि सकिएको राजतन्त्रलाई चिहानबाट फर्काउन भूतप्रेतवादी तत्वहरु सलबलाएका छन्,' उनले भने। यस्तै ओलीले नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकार केही समयमा आफैं ढल्ने दाबी गरे। 'हामी अहिले मिसन ८४ भनिरहेका छौं। यहीबीचमा यो सरकार कसैले ढाल्नुपर्दैन, हल्लिराखेको छ,' उनले भने, 'तर हामी पूर्वदेखि पश्चिमसम्मको तीन हप्ताको अभियानमा लागेका छौं। यो सरकार आफैं ढल्न पनि सक्छ कुनै समय। यो गठबन्धनको छेस्काले अड्याएको सरकार हो। यसको कुनै सिद्धान्त, नीति, योजना र कार्यक्रम छैन।' उनले सत्ता गठबन्धन र गठबन्धनका नेताहरु सत्ता स्वार्थ, सरकार जोगाउने, मन्त्री जोगाउने, कसरी मन्त्री हुने, कसले बढी कमाउने, कसले बढी आफन्त पोस्ने धन्दामा लागिरहेको जिकिर गरे।

# हुम्लामा मनाइयो विश्व एड्स दिवस

**हुम्ला/मस** – हुम्लामा पनि विश्व एड्स दिवस मनाइएको छ। दिवसको अवसर पारेर जनचेतनामूलक नारासहित सिमकोट बजारमा र्‍यालीसहित अन्तरक्रिया गरी दिवस मनाइएको हो।

प्रत्येक वर्ष १ डिसेम्बरमा विश्वभर एड्स दिवस मनाइने र समाजमा जनचेतनामूलक र्‍यालीसहित जिल्ला अस्पताल हुम्लाको नेतृत्वमा दिवस मनाइएको अस्पतालकी अनमी सरिता बोहराले बताइन्। जनचेतनामूलक कार्यक्रमसहित कण्डम वितरण गरेर र्‍यालीसहित यो दिवस मनाइएको अस्पतालका डाक्टर रोशन रावतले बताए। विश्वमा यो रोगबाट धेरै मानिस पीडित रहेका छन्।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/०७/२९ मा दर्ता भएको **प्रा.लि. नं. १७८३१८** को **माँ कंकालिनी फर्निचर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०८/१४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६९/०६/२४ मा दर्ता भएको **प्रा.लि. नं. १०६६७७** को **क्वेस्ट हिमालयज एडभेन्चर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०८/१५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७८/०८/२० मा दर्ता भएको **बि.एम.के. सप्लायर्स प्रा.लि. (प्रा.लि. नं. २७८८९१)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JASSIM TRANSPORT & STEVEDORING CO. WLL — शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/०८/१५ — चलानी नं.: ६०२१०८४३ — L.T. No. 295795

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Rigger | 20 | 0 | सम्बन्धित काममा दक्ष | 110 | ४७,४२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Truck Driver | 40 | 0 | | 170 | ७३,२८९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर २३ गते (9 December 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Index Recruitment Pvt. Ltd.
श्रम ईजाजत नं. १५४३/०७८/०७९
Chabahil-7, Kathmandu, Nepal, Tel: 01 5911443
E-mail: info@indexruitment.com.np / Website : www.indexrecruitment.com.np



## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी : CLEANCO TRADING, IMPORTING & SERVICES LLC - SOLE PROPRIETORSHIP L.L.C. — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८०/०२/०१ — चलानी नं.: ६०२०१४२६ — L.T. No.: 285975 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Male) | 303 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner (Female) | 0 | 250 | | 900 | ३२,६२५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय कुपन्डोल, ललितपुरमा २०८० मंसिर २३ गते (9 December 2023) मा हुनेछ।

